इमेल : mosdkailali07@gmail.com
५२६०५८ (स्वास्थ्य)
५२५२२० (उच्च शिक्षा)
५२७१६८ (जिन्सी)
एक्सटेन्सन नं. ५२५००९
एक्सटेन्सन नं. ५२७१०६
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

मिति: २०७९।०६।०६

विषय: वादी उत्थान छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

सुदूरपश्चिम प्रदेश सरकारको चालु आ.व. २०७९/८० को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वादी उत्थान छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालय तह (१-१२) मा अध्ययनरत सो समुदायका छात्राहरूको लागि **वादी समुदाय छोरी छात्रवृत्ति** र उच्च शिक्षामा अध्ययनरत वादी समुदायका छात्रछात्राहरूको **वादी समुदाय उच्च शिक्षा छात्रवृत्ति** प्रदान गर्ने कार्यक्रम रहेकोले सो छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका वादी समुदायका इच्छुक छात्र छात्राहरूलाई यो सूचना प्रकाशन भएको ६० दिन (मिति २०७९ मंसिर ५ गते) भित्र आवश्यक कागजात सहित सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा आवदेन पेश गर्न मन्त्रालयको मिति २०७९।०६।०५ को (माननीय मन्त्री स्तरीय) निर्णयानुसार सूचित गरिन्छ।

छात्रवृत्तिका सम्बन्धी थप जानकारी

(१) **वादी समुदायका छोरी छात्रवृत्तिः-**

- यस छात्रवृत्तिका लागि विद्यालय तह कक्षा (१-१२) मा अध्ययनरत वादी समुदायका छात्राहरूले देहायका कागजात सहितको आवेदन सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पेश गर्नु पर्ने :
  - (क) जिल्ला प्रशासन कार्यालयबाट वादी समुदायको व्यक्ति भएको व्यहोरा खुल्ने कागजात,
  - (ख) आमा/ बुबाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
  - (ग) छात्राको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
  - (घ) स्थानीय तहबाट स्थायी बसोबास खुल्ने प्रमाणपत्र,
  - (ङ) स्थानीय तहबाट नाता प्रमाणित पत्रको प्रतिलिपि,
  - (च) अध्ययनरत विद्यालयको सिफारिस पत्र,
  - (छ) सम्बन्धित विद्यार्थीको बैङ्क खाता वा नभएमा निजको बाबु वा आमाको बैङ्क खाता डिजिटल चेक बुकको प्रतिलिपि ।
- छात्रवृत्तिका लागि छनौट भएका छात्राहरूले चालु आ.व. मा प्रति छात्रा रु.१००० प्रति महिनाको दरले १२ महिनाको छात्रवृत्ति प्राप्त गर्ने।
- छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थी वा निजका बाबु वा आमाको बैङ्क खाता मार्फत भुक्तानी दिईने।

अधिकृत

इमेल : mosdkailali07@gmail.com
५२६०५८ (स्वास्थ्य)
५२५२२० (उच्च शिक्षा)
५२७१६८ (जिन्सी)
एक्सटेन्सन नं. ५२५००९
एक्सटेन्सन नं. ५२७१०६
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

(२)वादी समुदाय उच्च शिक्षा छात्रवृत्तिः-

- यस छात्रवृत्तिका लागि स्नातक/स्नातकोत्तर तह प्रथम वर्षमा अध्ययनरत वादी समुदायका छात्रछात्राहरूले देहायका कागजात सहितको आवेदन सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पेश गर्नु पर्ने:

  (क) जिल्ला प्रशासन कार्यालयबाट वादी समुदायको व्यक्ति भएको व्यहोरा खुल्ने कागजात ।

  (ख) विद्यार्थीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

  (ग) स्थानीय तहबाट स्थायी बसोबास खुल्ने प्रमाणपत्र।

  (घ) कक्षा १२ को ग्रेडसिट वा ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र।

  (ङ) अध्ययनरत शिक्षण संस्थाबाट निज विद्यार्थी उक्त संस्थामा नियमित अध्ययनरत रहेको व्यहोराको सिफारिस पत्र।

  (च) सम्बन्धित विद्यार्थीको बैङ्क खाता डिजिटल चेक बुकको प्रतिलिपि।

- यस छात्रवृत्तिका लागि वढीमा ५० जना छात्रछात्राहरू छनौट हुने।
- आवेदन दिने विद्यार्थी संख्या ५० भन्दा बढी आएमा स्नातक तहमा अध्ययनरतको हकमा कक्षा १२ को र स्नातकोत्तर तह अध्ययनरतको हकमा स्नातक तहको सिजिपिए/प्राप्ताङ्क प्रतिसत को आधारमा बढि जि.पि.ए./प्राप्ताङ्क प्रतिसत प्राप्त गर्ने विद्यार्थी छनौट गरिने।
- छनौट भएका विद्यार्थीले चालु आ.व.मा प्रति महिना रू. ८००० का दरले १२ महिनाको छात्रवृत्ति प्राप्त गर्ने। छात्रवृत्ति रकम विद्यार्थीको बैंक खाता मार्फत भुक्तानी हुने।

०७५/०६/०५

(लोकेन्द्र प्रसाद भट्ट)

शाखा अधिकृत

प्रदेश अधिकृत
शाखा अधिकृत